जिल्ला प्रशासन कार्यालय काठमाडौं

**इजलाश**

प्रमुख जिल्ला अधिकारी एकनारायण अर्याल

**फैसला**

सम्बत् २०७१/०७२ सालको स.वा.फौ.मि.नं.३५/६१

दर्ता मिति :– २०७०/०८/०६

मुद्दा :– **हातहतियार खरखजाना ।**

निर्णय नं.१०५३, मिति :– २०७१/०८/२९

**वादी**

प्रहरी प्रतिवेदनले **नेपाल सरकार**.........१

निजको प्रमाण...............................

साक्षीः प्र.ना.नि.रामसागर सिंह प्र.स.नि.कमलराज न्यौपाने, प्र.ह.टेक सिंह विष्ट र प्र.ज.मुन्नि कुमार गोतामे

**प्रतिवादी**

कान्छा लामाको छोरा जि. मकवानपुर, नाम्टार गा.वि.स. वडा नं.२ बस्ने वर्ष २३ को अर्जुन लामा........................................................... १

शेरबहादुर लामाको छोरा जि. मकवानपुर, आग्रा गा.वि.स. वडा नं.२ बस्ने वर्ष २४ को विशाल लमा.......................................................... १

करणसिंह वाइवाको छोरा, जिल्ला मकवानपुर, पालुङ्ग गा.वि.स.वडा नं.५ बस्ने वर्ष ३०/३२ को कृष्णबहादुर वाइवा..............................................१

निजको प्रमाण ...............................................................

साक्षी ......................................................................

कागज ......................................................................

**हातहतियार खरखजाना ऐन, २०१९ को दफा २४(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र ठहर यस प्रकार छ :–**

१. यस गणका स.प्र.नि.सुवर्ण थापाको कमाण्डमा खटिएको टोलीले मिति २०७०।०७।०८ गते दिनको अं.१३:१५ बजेको समयमा का.जि.तिनथाना गा.वि.स.वडा नं.७ स्थित न्यू देवदह टेस्टी खाजा घरमा खाजा खाइरहेका अर्जुन लामा र विशाल लामालाई शंका लागि चेकजाँच गर्दा अर्जुन लामाले बोकेको झोलामा फोटो फ्रेम भित्र लुकाई राखेको अवस्थामा कटुवा पेस्तोल थान १ र ऐ.को राउण्ड ४ वटा फेला परेकोले सो सम्बन्धमा मुचुल्का लगायतका अनुसन्धान कार्यका लागि प्रहरी टोली खटाई पठाइदिन हुन भन्ने समेत व्यहोराको सशस्त्र प्रहरी बल, नीलबाराही गण, बलम्बु, काठमाण्डौको पत्र ।

२. का.जि.तिनथाना गा.वि.स.वडा नं.७ स्थित पुर्वमा राधिका राउतको घर, पश्चिममा भगवती कम्प्लेक्स, उत्तरमा खाली जग्गा र दक्षिणमा ढुङ्गेअड्डा तिनथाना सडकभित्र पर्ने दक्षिण मोहडा गरी बनेको २ तले नरेश क्षेत्रीको पक्की घरको पहिलो तलामा न्यु देवदह टेस्टी खाजा घर नामक होटल समेत २ वटा सटरवाला कोठाको पूर्व तर्फ रहेको पहिलो सटरको खाजा घरभित्र प्रवेश गरी हेर्दा २ वटा कोठामध्ये उत्तरतर्फको ग्राहक बसी खाजा समेत खाने गरेको कोठाको पश्चिमतर्फ टेबुलमा हाल नाम थाह भएका अर्जुन लामा र विशाल लामालाई चेकजाँच गर्दा अर्जुन लामाको साथमा रहेको सेतो प्लाष्टिकको झोला भित्र फोटो फ्रेम झ्वाट्ट हेर्दा थाहा नहुने गरी लुकाई राखेको अवस्थामा काठको ग्रिप (विंड) भएको कटुवा पेस्तोल थान १, ऐ.को ड MM KF लेखेको ४ राउण्ड गोली फेला परेको भनी सशस्त्र प्रहरी बल, नीलबाराही गण दरबन्दी भई सुरक्षा महाशाखा सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा कार्यरत आई.डि.नं.१३९० का

स.प्र.नि.सुवर्ण थापाको कमाण्डको टोलीले देखाई दिए बमोजिम बरामद गरी मानिस समेत पक्राउ गरी लगेको हामीले देखेसम्म ठीक छ भन्ने समेत व्यहोराको चारकिल्ला सहितको खानतलासी एवं बरामदी मुचुल्का ।

३. बरामदी मुचुल्का तथा दशीको सामान सहित आवश्यक कारवाहीको लागि यसै प्रतिवेदनसाथ दाखिला गरिएको छ, कानून बमोजिम होस् भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन ।

४. सशस्त्र प्रहरी बल निलबाराही गण बलम्बुको पत्र अनुसार यस कार्यालयबाट खटी गएको प्रहरी टोलीले खानतलासी एवं बरामदी मुचुल्का गरी दशी पेस्तोल, सोको गोली राउण्ड ४ सहित अर्जुन लामा र विशाल लामालाई यसै पत्रसाथ आवश्यक अनुसन्धान एवं कारवाहीको लागि मजकूर कार्यालयमा पठाइएको भन्ने समेत व्यहोराको महानगरीय प्रहरी प्रभाग, बलम्बुको पत्र ।

५. हातहतियार तथा खरखजाना मुद्दाको अनुसन्धानको क्रममा प्रतिवादी अर्जुन लामा समेतले प्रयोग गर्ने गरेको मोवाइल नं. हरुको कल विवरण उपलब्ध गराइदिन हुन भन्ने समेत व्यहोराको महानगरीय प्रहरी परिसर, कम्प्यूटर शाखा, हनुमानढोका काठमाण्डौलाई लेखेको पत्र ।

६. बरामद भई आएको कटुवा पेस्तोल र 8MM KF लेखेको गोली राउण्ड ४ समेत परीक्षणको लागि यसै पत्रसाथ पठाएको छ प्राप्त भएपछि परीक्षण गरी रिपोर्ट पठाइदिन हुन भन्ने समेत व्यहोराको के.प्र.वि.वि.विज्ञान प्रयोगशाला, महाराजगञ्ज काठमाण्डौलाई लेखेको पत्र ।

७. घरको प्लास्टरको काम गर्दाको समयमा चिनजान भएको अर्जुन लामा समेत भई करिब ४ महिना अगाडि तीनथाना गा.वि.स.स्थित सिभिल होम नजिक रहेको घरमा प्लास्टरको काम गरिरहेको अवस्थामा पूर्व चिनजानका चिया पसलमा भेट भएका कृष्ण भन्ने व्यक्ति आई पैसा उठाउनु छ, पेस्तोल ल्याई दिउ भनी दशैं भन्दा अगाडी मेरो फोन नं.लिएर गएकोमा म दशैमा घर गई मिति २०७०।०७।४ गते काठमाण्डा आएपछि ऐ.७ गते निजले फोन गरी तिमीले भनेको हतियार मिल्ला जस्तो भनेकोले लिएर आउ भनेको थिए । त्यसपछि ऐ.८ गते विहान म र साथी अर्जुन लामा कलंकीमा हुँदा कृष्ण भन्नेले फोन गरी नैकाप चोकमा आउनु भनेकोले हामीहरु हिड्दै ढुङ्गेअड्डा हुँदै म तीनथाना स्थित न्यू देवदह टेष्टी खाजा घरमा गई बसें भने साथी अर्जुनलाई कृष्ण भन्नेसँग हतियार लिन नैकापतर्फ पठाएकोमा गई हतियार ल्याएपछि हतियार मगाउने नवलपरासी घर बताउने श्रेष्ठ हुँ भन्ने व्यक्तिलाई फोन गरी सो हतियार लिन आउनु भनेपछि निज र निजको साथी मोटरसाइकलमा आई उक्त हतियार दिने क्रममा हामीहरु सशस्त्र प्रहरी हौं भनी पक्राउ गरी सो पेस्तोल र गोली ४ राउण्ड सहित पक्राउ गरी ल्याएको हो । निज श्रेष्ठ हुँ भन्ने व्यक्तिले एउटा हतियारको रु.५,००,००। दिन्छु भनेकोले कृष्ण भन्ने व्यक्तिलाई हतियार खोज १,००,०००। राखी तिमीहरु २ जना र हामी २ जनाले २५,०००। चिया खर्च हुन्छ भनेको थिएँ, निजलाई मैंले भनेको २ महिनामा उक्त हतियार खोजी ल्याई सोही हतियार रु.५,००,०००। मा विक्री गर्न भनी मगाउने व्यक्तिलाई फोन गरी बोलाउँदा निजबाटै पक्राउ परी आएको हो । उक्त हतियार कृष्ण भन्ने व्यक्तिलाई खोजेर ल्याउन भनेको भन्ने कुरा साथी अर्जुन लामालाई समेत थाहा भएकोले निज नै कृष्णसँग हतियार रिसिभ गर्न भनी गएको सँगै लिई आई हतियार मगाउने श्रेष्ठ भन्ने व्यक्तिलाई उक्त हतियार दिन लाग्दा अर्जुन लामाको साथबाट सो हतियार बरामद भएको हो भन्ने समेत व्यहोराको प्रतिवादी विशाल लामाले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

८. मसँगै काम गर्ने विशाल लामासँग मैले नचिनेका २ जना व्यक्ति आई हतियारको बारेमा कुरा गरेको र एउटा हतियारको रु.५,००,०००। आउँछ भन्ने कुरा गरेकोले निज विशालसँग सोध्दा मकवानपुर तिरका श्रेष्ठ थरका मानिस हुन् निजहरुको पैसा फसेकोले सो पैसा उठाउन हतियार चाहिएको भन्ने कुरा भनेको थियो । सो पश्चात् हतियारको बारेमा विशाल र हतियार मगाउने व्यक्ति बीच पटक पटक कुरा भएको समेत थाहा थियो । कुनै कुरा भन्न परेमा विशालले मलाई भन्ने हुँदा मिति २०७०।०७।०७ गते हामीहरु दुबै जना किर्तिपुरमा काम गरिरहेको अवस्थामा कृष्ण भन्नेले विशाललाई फोन गरेको थियो । उक्त हतियार आएपछि हतियार मगाउनेलाई रु.५,००,०००। मा बिक्री गरी कृष्ण भन्नेलाई हतियारको रु.४,००,०००। मात्र दिने र १ लाख ४ जना भई बाडी लिने भन्ने सोचमा ऐ.८ गते नैकापमा विशाललाई लिन गई कृष्ण भन्नेसँग भेट गराई हतियार आएपछि लिन पठाउँछु यो भाई दिई पठाउनु भनेको र सो दिन कलंकीमा आई बसी भोलिपल्ट विहान कृष्ण भन्नेले विशाललाई फोन गरी हतियार आयो भनेपछि हिड्दै कलंकीबाट ढुङ्गेअड्डा आई नैकाप चोकमा गई कृष्णसँग हतियार लिई आउ भनी मलाई पठाई निज तिनथाना तर्फ गएकोमा फोन गरी सो हतियार समेत लिई विशाल बसेको रेष्टुरेण्टमा जाँदा हतियार मगाउने २ जना आई सकेको थियो । निजलाई सो हतियार रहेको प्लाष्टिकको झोला दिने क्रममा हामी प्रहरी हौं भनी दुबैलाई पक्राउ गरी प्रहरी बोलाई हतियार कटुवा पेस्तोल र ४ राउण्ड गोली सहित बरामद गरी मुचुल्का साथ ल्याएको हो भन्ने समेत व्यहोराको प्रतिवादी अर्जुन लामाले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान ।

९. पक्राउ प्रतिवादीहरुको बयानको क्रममा पोलमा परी नाम खुल्न आएका कृष्ण भन्ने व्यक्तिको खोजतलास गरी फेला परेमा यस कार्यालयमा उपस्थित गराइदिन हुन भन्ने समेत व्यहोराको खोजतलास हुलिया परिपत्र ।

१०. प्रतिवादी विशाल लामाले प्रयोग गर्ने गरेको ९८१३०७७७३९ बाट पक्राउ प्रतिवादी अर्जुन लामाले प्रयोग गर्ने गरेको ९८१३३६६९२७ मा पटक पटक फोन सम्पर्क भएको देखिएका प्राप्त कल विवरण ।

११. फरार रहेका कृष्ण भन्ने कृष्ण बहादुर वाईवाले प्रयोग गर्ने गरेको ९८०४२०५९३३ बाट पक्राउ प्रतिवादी विशाल लामाले प्रयोग गर्ने गरेको ९८१३०७७७३९ मा पटक पटक फोन सम्पर्क भएको देखिएका प्राप्त कल विवरण ।

१२. बरामद भई आएको हतियार र गोली समेत ल्याई दिने मलाई देखाएको मिशिल साथ संलग्न रहेको कृष्ण भन्ने व्यक्ति र फोटोकपीमा भएको स.चा.अ.पत्र नं.०६-१७५४१६ मा र सिम नं.९८०४२०५९३३ नं.को सिम लिने क्रममा पेश गरेको व्यक्तिगत फारामको जि.मकवानपुर पालुङ्ग ५ घर भएका कृष्णबहादुर वाईवाको फोटो टाँस गरिएको एकै व्यक्ति हुन् भन्ने समेत व्यहोराको पक्राउ प्रतिवादी विशाल लामाले गरिदिएको फोटो सनाखत कागज ।

१३. बरामद भई आएको हातहतियार खरखजाना ओसार पसार समेतमा संलग्न रहेका भनी नाम खुल्न आएका करणसिंह वाईबाको छोरा कृष्णबहादुर वाईवाको खोजतलास गरी फेला परेमा उपस्थित गराइदिन हुन भन्ने समेत व्यहोराको फरार प्रतिवादी खोजतलासको लागि ई.प्र.का.पालुङ्ग मकवानपुरलाई लेखेको पत्र ।

१४. मिति २०७०।०७।०८ गते दिनभर का.जि.तिनथाना स्थित म आफैंले संचालन गरेको न्यू देवदह टेष्टी खाजा घर होटलमा नै भएको अवस्थामा पक्राउ प्रतिवादीहरु पछि नाम थाहा भएका अर्जुन लामा र विशाल लामा ऐ. दिनको अं.१३:०० बजेको समयमा चिया खान अर्डर गरी बसिरहेको अवस्थामा सिभिल ड्रेसमा आएका प्रहरीले साहुजी हामी सशस्त्र प्रहरी हौं, तपाईंको होटलमा रहेको व्यक्तिहरुलाई चेकजाँच गर्नु पर्‍यो भनी भित्र प्रवेश गरी निज प्रतिवादीहरुलाई चेक गर्दा प्रतिवादी अर्जुन लामाको साथमा रहेको प्लाष्टिकको झोलाभित्र फोटो फ्रेम भित्र लुकाई छिपाई थाहा नपाउने जस्तो बनाई प्याक गरी राखेको अवस्थामा कटुवा पेस्तोल र ऐ.मा लाग्ने गोली राउण्ड ४ फेला पारी प्रहरीले बरामद गरी लगेको देखेको हुँ, निज प्रतिवादीहरुले के कुन उद्देश्यले को को भई सो अवैध हतियार खरखजाना ल्याई हिडेको हुँदा प्रचलित कानून बमोजिम कारवाही हुनुपर्छ भन्ने समेत व्यहोराको उमानन्द खरालले गरिदिएको घटना विवरण कागज ।

१५. प्रतिवादी विशाल लामाले प्रयोग गर्ने गरेको ९८१३०७७७३९ बाट पक्राउ प्रतिवादी अर्जुन लामाले प्रयोग गर्ने गरेको ९८१३३६६९२७ मा पटक पटक फोन सम्पर्क भएको र फरार रहेका कृष्ण भन्ने कृष्ण बहादुर वाईवाले प्रयोग गर्ने गरेको ९८०४२०५९३३ बाट पक्राउ प्रतिवादी विशाल लामाले प्रयोग गर्ने गरेको ९८१३०७७७३९ मा पटक पटक फोन सम्पर्क भएको देखिएका प्राप्त कल विवरण,बरामद भई आएको हतियार र गोली समेत ल्याई दिने मलाई देखाएको मिशिल साथ संलग्न रहेको कृष्ण भन्ने व्यक्ति र फोटोकपीमा भएको स.चा.अ.पत्र नं.०६-१७५४१६ मा र सिम नं.९८०४२०५९३३ नं.को सिम लिने क्रममा पेश गरेको व्यक्तिगत फारामको जि.मकवानपुर पालुङ्ग ५ घर भएका कृष्णबहादुर वाईवाको फोटो टाँस गरिएको एकै व्यक्ति हुन् भन्ने समेत व्यहोराको पक्राउ प्रतिवादी विशाल लामाले गरिदिएको फोटो सनाखत कागज, मिति २०७०।०७।०८ गते दिनभर का.जि.तिनथाना स्थित म आफैंले संचालन गरेको न्यू देवदह टेष्टी खाजा घर होटलमा नै भएको अवस्थामा पक्राउ प्रतिवादीहरु पछि नाम थाहा भएका अर्जुन लामा र विशाल लामा ऐ. दिनको अं.१३:०० बजेको समयमा चिया खान अर्डर गरी बसिरहेको अवस्थामा सिभिल ड्रेसमा आएका प्रहरीले साहुजी हामी सशस्त्र प्रहरी हौं, तपाईंको होटलमा रहेको व्यक्तिहरुलाई चेकजाँच गर्नु पर्‍यो भनी भित्र प्रवेश गरी निज प्रतिवादीहरुलाई चेक गर्दा प्रतिवादी अर्जुन लामाको साथमा रहेको प्लाष्टिकको झोलाभित्र फोटो फ्रेम भित्र लुकाई छिपाई थाहा नपाउने जस्तो बनाई प्याक गरी राखेको अवस्थामा कटुवा पेस्तोल र ऐ.मा लाग्ने गोली राउण्ड ४ फेला पारी प्रहरीले बरामद गरी लगेको देखेको हुँ, निज प्रतिवादीहरुले के कुन उद्देश्यले को को भई सो अवैध हतियार खरखजाना ल्याई हिडेको हुँदा प्रचलित कानून बमोजिम कारवाही हुनुपर्छ भन्ने समेत व्यहोराको उमानन्द खरालले गरिदिएको घटना विवरण कागज समेतबाट प्रतिवादीहरु अर्जुन लामा र विशाल लामाले आर्थिक प्रलोभनमा परी अवैध हातहतियार खरखजानाको कारोवार गरेको स-प्रमाण पुष्टि हुन आयो । यसर्थ, तथ्य, प्रमाण एवं आधारहरु समेतबाट यी प्रतिवादीहरु अर्जुन लामा र विशाल लामालाई **हातहतियार खरखजाना ऐन, २०१९ को दफा ३(२),४(२) र ५(१) बमोजिमको कसूर अपराधमा सोही ऐनको दफा २०(२) बमोजिम सजाय गरी वरामद पेस्तोल र गोली ऐ. दफा १६ बमोजिम जफत गरी पाउ** तथा प्रतिवादीहरुको बयानको क्रममा पोलमा परी नाम खुल्न आएका कृष्णबहादुर वाईवाको हकमा म्याद जारी गरी पाँउ भन्ने व्यहोराको अभियोग माग दावी ।

१६. *काठमाण्डौं तिनथाना स्थित न्यु देवदह टेस्टी खाजा घरमा प्र.विशाल लामा र मैले चिउरा भुटन खाई रहेको अवस्थामा कुनै अपरिचित मानिस आई हामी बसेको टेवुलमा एउटा झोला २ मिनेटका लागि भनी राखेर गएको र सोही  वखत प्रहरी टोली आई उक्त झोला चेक जाँच गर्दा उक्त झोला र हामी समेतलाई पक्राउ गरी ल्याएको हो । हामीलाई प्रहरी वृत्त कालीमाटी ल्याई सकेपछि मात्र उक्त झोलामा हतियार भएको भन्ने कुरा वताइएको थियो । उक्त खाजा होटलमा झोला खोलिएको थिएन । वरामद गरिएको भनिएको हतियार झोला समेत झोला समेत म समेतको होइन । अनुसन्धानको क्रममा प्रहरीले म समेतलाई विभिन्न कागजमा सहीछापसम्म गराएको हो । के कस्तो कागजमा सहीछाप गराइयो म समेतलाई हेर्न पढ्न दिइएन र व्यहोरा समेत सुनाइएको थिएन । अभियोग-पत्रको मागदावी झुट्ठा हो त्यस्तो अभियोग-पत्रको आधारमा मलाई सजाय हुनु पर्ने होइन* भन्ने समेत व्यहोराको प्रतिवादी अर्जुन लामाले यस कार्यालयमा गरेको वयान ।

१७. *मिति २०७०।७८ गतेका दिन विहान करिव १०.३० बजेको समयमा काठमाण्डौं तिनथाना स्थित न्यु देवदह टेस्टी खाजा घरमा प्र.अर्जुन लामा र मैले चिउरा भुटन खाई रहेको अवस्थामा अघिपछि देखी राखेको तर नाम थर थर वतन थाहा नभएको मानिस आई हामी अगाडि भएको टेवुलमा झोला छोडी गएको र लगतै सादा पोसाकका प्रहरी आई उक्त झोला र हामी समेतलाई पक्राउ गरी शसस्त्र प्रहरी क्याम्पमा लगी आखामा पट्टी बाधेर राखिएको र त्यस पछि उक्त दिन कालीमाटी स्थित प्रहरी वृत्तमा ल्याइएको हो । त्यहा ल्याएपछि मात्र उक्त झोलामा हतियार भएको भन्ने कुरा सुनी थाहा पाएको हो । वरामद गरिएको भनिएको हतियार र झोला म समेतको होइन । अनुसन्धानको क्रममा गरिएको वयान कागजमा प्रहरीले म समेतलाई पढ्न र हेर्न नदिई सहीछाप गराएको हो, वयानको व्यहोरा मेरो होइन । अभियोग-पत्रको मागदावी झुट्ठा हो त्यस्तो अभियोग-पत्रको आधारमा मलाई सजाय हुनु पर्ने होइन* भन्ने समेत व्यहोराको प्रतिवादी विशाल लामाले यस कार्यालयमा गरेको वयान ।

१८. प्रतिवादी विशाल लामा र अर्जुन लामाले वरामदी मुचुल्कामा उल्लेख भएको कट्टुवा पेस्तोल १ र सो मा फिट हुने गोली राउण्ड ४ आफुहरुबाट वरामद भएको होइन भनी यस कार्यालयमा वयान गरेको भएता पनि मिसिलसाथ संलग्न वरामदी मुचुल्का,प्रतिवादीहरुले मौकामा गरेको वयान,कल डिटेल,वारदात स्थल देवदह टेष्टी खाजाघरका संचालक उमानन्द खनालले गरी दिएको कागज समेतका कागज प्रमाणहरुका आधारमा प्रतिवादी विशाल लामा र अर्जुन लामा अवैध हातहतियार कट्टुवा पेस्तोल १ र सो मा फिट हुने गोली राउण्ड ४ आफ्नो साथमा राखी लिई हिडी हातहतियार खरखजना ऐन,२०१९ को दपा ३(२),४(२) र ५(१) को कसूर गरेका होइनन् भन्न सक्ने अवस्था तत्काल नदेखिएकाले पछि बुझ्दै जादा ठहरे बमोजिम हुने गरी प्रतिवादी विशाल लामा र प्र.अर्जुन लामालाई हातहतियार खरखजना ऐन,२०१९ को दफा २४(क) बमोजिम पूर्पक्षको लागि थुनामा राखी कारवाही गर्नू भन्ने समेतको यस कार्यालयको मिति २०७०।८।९ को आदेश ।

१९. केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाको च.नं.१५४७,मिति २०७१।९।१९को हतियार परीक्षण प्रतिवेदनमा उक्त हतियार स्थानीय स्तरमा वनेको पेस्तोल भएको र त्यसबाट ०.३१५इन्चको गोलीहरु फायर हुन सक्ने तथा वरामद भएका चार थान गोलीहरु पनि जिवित नै रहेको भनी खुली आएको ।

२०. प्रस्तुत मुद्दाका फरार प्रतिवादी कृष्णबहादुर वाइवाका नाममा जारी भएको म्याद तामेल भई आको तामेली प्रति मिसिलसाथ संलग्न रहेको ।

२१. मिति २०७०।७८को वरामदी मुचुल्का अनुसार प्र.अर्जुन लामा र प्र.विशाल लामा कट्टुवा पेस्तोल थान १ र सो को गोली राउण्ड ४ सहित का.जि.तिनथाना-७ स्थित न्यु देवदह टेष्टी खाजाघरबाट पक्राउ परेका हुन्,वरामदी मुचुल्का लगायतका कागजातहरुमा भएको हस्ताक्षर म समेतका प्रहरी कर्मचारीहरुको हो भनी प्र.ना.नि.रामसागर सिंह समेत प्र.स.नि.कमलराज न्यौपाने,प्र.ह.टेक सिंह विष्ट र प्र.ज.मुन्निइकुमार गोतामेले यस कार्यालयमा गरेको मिल्दो जुल्दो वकपत्रको व्यहोरा ।

## ठहर

२२. नियम बमोजिम मुद्दा पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा मिति २०७०।७८ गतेका दिन अं.१३.१५ बजेको समयमा काठमाण्डौं जिल्ला, तिनथाना गा.वि.स.वडा नं. ७ स्थित न्यु देवदह टेष्टी खाजाघरमा खाजा खाई रहेका प्रतिवादी अर्जुन लामा र विशाल लामालाई शंका लागि चेकजाँचको क्रममा प्रतिवादी अर्जुन लामाले बोकेको झोलामा फोटो फ्रेम भित्र लुकाई राखेको अवस्थामा कट्टुवा पेस्तोल थान १ र ऐ.गोली राउण्ड ४ समेत फेला परी वरामद भएकोले प्रतिवादीहरु अर्जून लामा, विशाल लामा र कृष्णबहादुर वाइवालाई **हातहतियार खरखजाना ऐन,** २०१९ को दफा ३(२),४(२) र ५(१) बमोजिमको कसूर अपराधमा ऐ. दफा २०(२) बमोजिम सजाँय गरी वरामद हतियार ऐ.दफा १६ बमोजिम जफत गरी पाउँ भन्ने अभियोग दावी रहेछ ।

२३. यसमा प्रतिवादीहरुले अभियोग मागदावी वमोजिम कसूर गरेका हुन होइनन्, गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्वन्धमा निर्णय दिनु पर्ने देखिन आएको छ ।

२४. मिसिल संलग्न कागजातरु अध्ययन गरी अव निर्णय तर्फ विचार गर्दा काठमाण्डौं जिल्ला, तिनथाना गा.वि.स.वडा नं. ७ स्थित न्यु देवदह टेष्टी खाजा घरमा अर्जुन लामा र विशाल लामाको साथबाट पेस्तोल थान १ ऐ को गोली राउण्ड ४ फेला परेको भन्ने मिति २०७०।७८ को वरामदी मुचुल्का भई मुचुल्काको रोहवरमा प्रतिवादी अर्जुन लामा र विशाल लामाले सहीछप गरेको देखिन्छ ।

२५. अनुसन्धानका क्रममा प्रतिवादी विशाल लामाले *वरामद भएको कट्टुवा पेस्तोल थान १ र सो को गोली राउण्ड ४ तीनथाना-७ स्थित न्यु देवदह टेष्टी खाजाघरमा खाजा खाई रहेको अवस्थामा अर्जुन लामाको झोलामा रहेको*

*अवस्थामा फेला पारी वरामद भएको हो, उक्त हतियार मिति २०७०।७।७ गते कृष्ण भन्ने व्यक्तिले तिमिले भनेको हतियार मिल्ला जस्तो छ भनी फोन गरेको थियो र मैले लिएर आउनु भनेको थिएँ । मिति २०७०।७।८ गते हतियार आईपुग्यो भनी कृष्ण भन्नेले फोन गरी नैकाप चोकमा लिन आउनु भनेकोले म र मेरो साथी अर्जुन लामा काठमाण्डौं जिल्ला, तिनथाना गा.वि.स.वडा नं. ७ स्थित न्यु देवदह टेष्टी खाजाघरमा गई बसी साथी अर्जुनलाई हतियार लिन नैकाप तर्फ पठाएँ । हतियार फेला पऱ्यो भनी मलाई भनेपछि मैले उनीलाई यहाँ लिएर आउ भनें । हतियार मगाउने श्रेष्ठ थरका व्यक्तिलाई समेत फोन गरी हतियार आयो लिन आउनु भनेकोले निज र निजको साथी एक छिनमा नै मोटरसाइकलमा म भएको ठाउमा आई पुगे । हामीहरु त्यहाँ बसेकै अवस्थामा साथी अर्जुन लामाले लिएर आएको उक्त हतियार पेस्तोल दिने क्रममा हामी सशस्त्र प्रहरी हौं भनी प्रहरीलाई खवर गरी त्यही पक्राउ गरेको* भनी वयान गरेका रहेछन् ।

२६. अर्का प्रतिवादी अर्जुन लामाले *मेरो र विशालको मिस्त्री काम गर्ने सिलसिलामा चिनजान भएको हो, तीनथाना स्थित नयाँ बन्दै गरेको घरमा प्लास्टर गरेको अवस्थामा दुई जना अपरिचित व्यक्ति आई साथी विशाल लामालाई हतियारका वारेमा कुरा गरी हतियार ल्याई दिए रु ५ लाख आउछ भनेर भनेको थियो । निजहरुको को हुन् मलाई थाहा थिएन, श्रेष्ठ थरको मान्छेको फसेको पैसा उठाउनलाई हतियार चाहियो भने पछि साथी विशालले कृष्ण भन्ने मान्छेलाई पटक/पटक फोन गर्थ्यो । मिति २०७०।७।७ गते कृष्ण भन्नेले विशाल लामालाई फोन गरी हतियार आउदैछ, उक्त हतियार विक्री रु ५ लाखमा गरी कृष्ण भन्नेलाई हतियारको रु ४ लाखमात्र दिने र बाकी एक लाखमध्ये दुई जनालाई २५/२५ हजार र हतियार मगाउनेलाई बाकी रु ५० हजार बाँडेर दिने सोचमा मिति २०७०।७।८ गते मलाई लिएर नैकाप गइ कृष्ण भन्नेसँग भेट गराएको र हतियार आएपछि यो भाईलाई लिन पठाउछु दिएर पठाउनु भनी कृष्ण भन्नेसँग चिनजान गराएको, हामी कलकी आई बस्यौं । कलंकीमा हुदाँ विहान करिव ९.३० बजे विशाललाई कृष्ण भन्नेले फोन गरी तिमीहरु नैकाप आयौ, सामान आई पुग्यो भनी फोन गरेपछि कलंकीबाट ढुङ्गें अड्डा पुगी विशाल तिनथाना तर्फ लाग्यो । मलाई नैकाप चोकमा गई कृष्णबाट हतियार लिएर आउनु भनेपछि मैले कृष्णलाई भेटी हतियार लिई तीनथाना पुगी विशाल लामा बसेको रेष्टुरेन्टमा पुग्दा हतियार मगाउने दुई जना मान्छे आई बसेका रहेछन् । विशालले हतियार देउ भनेकोले मैले सेतो प्लास्टिकको झोला सहित दिने क्रममा हामीहरु प्रहरी हौं भनी हामीहरु दुवै जनालाई सोही ठाउबाट पक्राउ गरेको* भनी वयान गरेका रहेछन् ।

२७. प्र.विशाल लामाले यस कार्यालयमा गरेको वयानमा *मिति २०७०।७।८ गते न्यु देवदह रेष्टुरेन्टमा १० बजे देखि ११ बजेको समयमा अर्जुन लामा र मैले खाजा खाई रहेको अवस्थामा अघिपछि देखेको तर नाम थर वतन थाहा नभएको मान्छेले दुई मिनेट यो झोला यहाँ राख्छु भनी हामी अगाडि भएको टेवुलमा झोला छोडी गएको र लगत्तै सादा पोसाकका प्रहरी आई उक्त झोला र हामीलाई प्रहरी वृत्त कालिमाटीमा लगी झोला खोली हेर्दा झोलामा हतियार रहेछ भन्ने थाहा पाएँ । वरामद भएको झोला र हतियार म समेतको होइन, अनुसन्धानका क्रममा मलाई पढ्न नदिई सहीछाप गराएको उक्त व्यहोरा मेरो होइन* भनी इन्कारी वयान गरेका रहेछन् ।

२८. अर्का प्रतिवादी अर्जुन लामाले *प्र. विशाल लामाकै वयानको मिति, समय र स्थानमा कुनै अपरिचित व्यक्ति आई हामी बसेको टेवुलमा झोला राखी गएको अवस्थामा प्रहरी आई उक्त झोला चेकजाँच गर्दा हामी समेतलाई ल्याएको हो । हामीलाई प्रहरी वृत्त कालिमाटी ल्याई सकेपछिमात्र झोलामा हतियार भएको भन्ने वताइयो । वरामद भएको हतियार म समेतको होइन । अनुसन्धानका क्रममा प्रहरीले यातना दिई हेर्न पढ्न नदिइ सहीछाप गराएको हो, म बाट कुनै कसूर अपराध भएको होइन* भनी वयान गरेका रहेछन् ।

फरार रहेका प्रतिवादी कृष्णबहादुर वाइवाका नाममा म्याद तामेल भई निज प्रतिवादी शुरु म्यादै गुजारी बसेको देखियो ।

वरामद भई आएको पेस्तोल र गोलीहरु केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशालाबाट परीक्षण र यकिन भई प्रतिवेदन मिसिल संलग्न रहेबाट वरामद चिज वस्तु हातहतियार खरखजाना भएको तथ्यमा कुनै विवाद रहेन ।

२९. प्रतिवादीहरु दुबै जनाले यस कार्यालयमा अनुसन्धानका क्रममा प्रहरीले बयान पढ्न नदिई सहीछाप गराएको उक्त व्यहोरा मेरो होइन भनी जिकिर लिए पनि प्रहरीले यातना दिएको भन्ने कुनै प्रमाण र कारण मिसिलमा देखिंदैन । प्रतिवादीहरुलाई अनुसन्धानको क्रममा बयान गराउदा शारिरिक या मानसिक यातना दिइएको वा डर, त्रास, प्रलोभनमा पारिएको भन्ने कुनै प्रमाण नदेखिएकाले प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादीहरुले अनुसन्धानको क्रममा गरेको बयान निजहरुका विरुद्ध प्रमाणमा लिन मिल्ने नै देखियो । **प्रहरीले प्रतिवादीलाई कुटपीट गरी बयान गराएको भन्ने कुरा पुष्टि हुने प्रमाणबाट नदेखिएको अवस्थामा अदालतमा बयान गर्दा प्रहरीले कुटपीट**

**गरी यातना दिएको भन्ने अपुष्ट भनाइको आधारमा सरकारी वकिल समक्ष गरेको प्रतिवादीको बयानलाई अन्यथा भन्न नमिल्ने** भनी सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएको पाइन्छ। (ने.का.प. २०६५, अंक-३, पृ. ३२६)। **कुनै प्रमाण बिनाको इन्कारी बयान अर्थहीन र प्रयोजनहीन हुन्छ। कसुर सम्बन्धी कुरामा साविती भएको वा इन्कार गरेको कथनले मात्र निजको पक्ष वा विपक्षमा स्वतः प्रमाणको स्थान ग्रहण गर्न सक्दैन, बरु सो साविती वा इन्कारी बयानलाई कुनै आधारभूत, तथ्यपरक एवं निश्चयात्मक प्रमाणबाट समर्थित गराउनु पर्छ। प्रतिवादीले अदालतमा इन्कारी बयान गर्नु मात्र निर्दोषिता ठहर हुने आधार बन्न सक्दैन** भनी सम्मानित अदालतबाट अर्को मुद्दामा बोलिएको छ ( ने.का.प. २०६७, भाद्र, पृ. ८१४, चार्ल्स गुरुमुख शोभराज वि. नेपाल सरकार, मुद्दाः कर्तव्य ज्यान) । यस मुद्दाको हकमा प्रतिवादीहरु दुबै जना अनुसन्धानको क्रममा कसुरमा सावित रही यस कार्यालय समक्षको बयानमा इन्कार रहेता पनि आफ्ना साक्षी प्रमाण पेश गरी आफु विरुद्धको अभियोग खण्डन गर्न सकेको नदेखिएकाले यस कार्यालयमा प्रतिवादीहरुले गरेको बयान अर्थहीन र प्रयोजनहीन देखियो । अर्को तर्फ वादी नेपाल सरकारका साक्षीहरु प्रहरी प्रतिवेदक, खानतलासी वरामदी मुचुल्का तयार गर्ने कर्मचारीहरु यस कार्यालयमा उपस्थित भई मिसिल संलग्न कागजातहरुको पुष्ट्याँई गरी वकपत्र गरेको देखिएकाले प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम उक्त बकपत्रहरुले प्रामाणिक महत्व ग्रहण गर्ने नै देखियो ।

३०. अतः माथि विवेचना गरिएका कागज प्रमाणका आधारमा प्रतिवादी विशाल लामा र अर्जुन लामाले अन्य व्यक्तिलाई हतियार विक्री गरी पैसा कमाउने उद्धेश्यले प्रतिवादी कृष्णबहादुर वाइवासँग हतियार र गोली झिकाई आफुसाथ राखी चिया खाजा खाने क्रममा उक्त खाजा घरमा पक्राउ परेको पुष्टी हुन आएकोले प्रतिवादी विशाल लामा र अर्जुन लामाले हातहतियार खरखजना ऐन,२०१९को दफा ३(२) विपरित लाइसेन्स नलिई हातहतियार आफुसाथ राखेको, ऐ.दफा ४(२) विपरित हातहतियार ल्याउने लैजाने गरेको र ऐ.दफा ५(१) विपरित विना लाइसेन्स साथमा बोकी हिडेको कसूर गरेको ठहर्छ। सो ठहर्नाले प्रतिवादीहरुको उमेर, पृष्ठभूमि, अन्य अपराध गरेको कुनै प्रमाण नदेखिएको समेतलाई विचार गर्दा प्रतिवादीहरु विशाल लामा र अर्जुन लामा लाई ऐ. ऐनको दफा २०(२) बमोजिम कैदको सजाय गर्दा अलि चर्को पर्न जान्छकी भन्ने दृष्टिकोणले ऐ दफा २०(२) बमोजिम जनही रु १,००,०००।- ( एक लाख रुपैयाँ ) जरिवाना हुन्छ।

३१. प्रतिवादी कृष्ण बहादुर वाइवाको हकमा बिचार गर्दा विशाल लामाले प्रयोग गरेको ९८१३०७७७३९ र अर्जुन लामाले प्रयोग गरेको ९८१३३६६९२७ मा प्रतिवादी कृष्णबहादुर वाइवाको ९८०४२०५९३३ नं.बाट पटक/पटक फोन सम्पर्क भएको देखिएको, हतियार र गोली ल्याई मिति २०७०।७८ गते प्र.अर्जुन लामालाई हतियार र गोली सहितको झोला दिएको भन्ने अर्जुन लामाको वयानबाट खुल्न आएको तथा निजले शुरु म्याद नै गुजारी अभियोग दावी स्वीकार गरी बसेको देखिंदा हातहतियार ल्याउने, राख्ने कार्यमा निजको समेत संलग्नता पुष्टि भएकोले निज कृष्ण बहादुर वाइवाले समेत हातहतियार खरखजना ऐन, २०१९ को दफा ३(२) विपरित लाइसेन्स नलिई हातहतियार आफुसाथ राखेको, ऐ. दफा ४(२) विपरित हातहतियार ल्याउने लैजाने गरेको र ऐ. दफा ५(१) विपरित विना लाइसेन्स साथमा बोकी हिडेको कसूर गरेको ठहर्छ। सो ठहर्नाले माथि प्रकरण नं. ३० मा प्रतिवादी विशाल लामा र अर्जुन लामाको सम्बन्धमा विवेचना गरिएका तथ्यहरुका आधारमा निजलाई ऐ. ऐनको दफा २०(२) बमोजिम रु १,००,०००।- ( एक लाख रुपैयाँ ) जरिवाना हुन्छ। वरामद भई आएको पेस्तोल तथा गोली ऐ. दफा १६ बमोजिम जफत हुन्छ। सो ठहर्नाले तपसील बमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मु.ऐ.अ.बं.१८६ नं. बमोजिम फैसला गरी दिएँ।

<u>तपसिल</u>

प्रतिवादीहरु अर्जुन लामा र विशाल लामा के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजहरुलाई जनही रु. १,००,०००/-(एक लाख रुपैयाँ ) जरिवाना हुने ठहरेकोले निजहरुलाई ठहरेको जरिवाना मु.ऐ. अ.वं. १२० तथा दण्ड सजाँयको महलको ५३ नं. बमोजिम दाखिला गरे थुना मुक्त गर्न लेखि पठाउनु, जरिवाना दाखिला नगरे मु.ऐ. दण्ड सजाँय महलको ३८ नं.बमोजिम कैदीपूर्जि दिनु.....................................१

प्रतिवादी कृष्णबहादुर वाइवा के माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निजलाई रु. १,००,०००/-(एक लाख रुपैयाँ) जरिवाना हुने ठहरी बेरुजु देखिंदा उक्त जरिवाना रकम असुल उपरको लागि लगत कसी सम्वन्धित निकायमा लेखी पठाउनु .............................................................................................२

वरामद हातहतियार खरखजाना जफत हुने ठहरेकोले नियमानुसार आम्दानी बाँधी यस कार्यालयमा जानकारी दिन सम्बन्धित प्रहरी कार्यालयमा लेखि पठाउनु.................................................................................३

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत पाटनमा पुनरावेदन गर्न जानु भनी प्रतिवादीहरु अर्जुन लामा र विशाल लामालाई पुनरावेदन म्याद दिनू...................................................४

जिल्ला सरकारी वकिल कार्यालय,काठमाण्डौलाई प्रस्तुत फैसलाको जानकारी दिनू .....................................५

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू...........६

शुरु म्यादै गुजारी बस्ने प्रतिवादी कृष्ण बहादुर वाइवालाई मू.ऐ. अ.बं. २०८ नं. बमोजिम पुनरावेदन म्याद दिइरहन परेन...........................................................................................................................७

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाई दिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू .........................................................................................८

श्रीमान् प्र.जि.अ.ज्यूले टिपाउनु भए बमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु. परशुराम थापा,
ना.सु. भुवराज घिमिरे

..................................
( एकनारायण अर्याल )
प्रमुख जिल्ला अधिकारी

प्रशासकीय अधिकृत : कृष्ण गैह्रे

इति सम्बत् २०७१ साल मंसिर २९ गते रोज २ शुभम् ......................